# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १८ गते २०२३ साल

### श्री ५ को सरकार
### अर्थ–मन्त्रालयको
### सूचना

देहायका जिल्ला तथा ठाउँहरूमा निजामती, शाही सेना तथा पुलिस कर्मचारीहरूलाई ०२३ साल कार्तिक १ गतेदेखि शुरू तलब स्केलको प्रतिशतले निम्न लेखिएबमोजिम दुर्गमस्थान भत्ता दिने ०२३।६।२७ मा श्री ५ को सरकारले निर्णय गरेको छः–

१. देहायका जिल्ला तथा ठाउँहरूमा स्थानीय कर्मचारी र निःशुल्क रासन पाउनेहरूले बाहेक अरूले मात्र देहायबमोजिम दुर्गमस्थान भत्ता पाउने छन् ।

५० पचास प्रतिशत दुर्गमस्थान भत्ता पाउने जिल्ला र स्थानहरूः–

१. मेची अञ्चलाधीश कार्यालय अन्तर्गत, शाखा नं. १ को कार्यक्षेत्र (ताप्लेजुङ्गको उत्तरी प्रसाशनमा परेकोजति भाग)
२. कोशी अञ्चलाधीश कार्यालय अन्तर्गत, शंखुवासभा जिल्लाको शंखुवा उत्तर थुम ।
३. सगरमाथा अञ्चलाधीश कार्यालय अन्तर्गत, शाखा नं. १ को कार्यक्षेत्र (नाम्चेबजार) प्रशासनक्षेत्र ।
४. जनकपुर अञ्चलाधीश कार्यालय अन्तर्गत दोलखा जिल्लाको तलका थुमहरू ।
(१) देउलाग, (२) मालु (३) सोलु (४) चंखु ।



४२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. बागमती अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) सिन्धुपाल्चोक जिल्लामा लिस्ती थुम र (ख) रसुवा जिल्ला ।
६. गण्डकी अञ्चलाधीश कार्यालय अन्तर्गत :–
(क) गोर्खा जिल्लामा अठारसय खोला (ख) मनाङ जिल्ला ।
७. धवलागिरी अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) मुस्ताङ जिल्ला र (ख) डोल्पा जिल्ला ।
८. कर्णाली अञ्चलाधीश कार्यालय अन्तर्गत, कर्णाली अञ्चल ।
९. सेती अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) बझाङ र (ख) बाजुरा जिल्लाहरू ।
१०. महाकाली अञ्चलाधीश कार्यालय अन्तर्गतः–
दार्चुला जिल्लाको व्यास गर्खा ।

३५ पैंतीस प्रतिशत दुर्गमस्थान भत्ता पाउने जिल्ला र स्थानहरू.

१. मेची अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) ताप्लेजुङ्ग जिल्लाको बाँकी भाग र (ख) पाँचथर जिल्ला ।
२. कोशी अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) शंखुवा सभाको बाँकी भाग र (ख) तेन्हथुम जिल्ला ।
३. सगरमाथा अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) भोजपुर जिल्लामा (१) कुलुङ (२) मझुवा (३) दिङला थुमहरू र (ख) बाँकी सोलुखुम्बु जिल्ला ।
४. जनकपुर अञ्चलाधीश कार्यालय अन्तर्गतः– रामेछाप जिल्लामा (१) नाम्दू (२) प्रीलि र (३) सिमरास थुमहरू, दोलखा जिल्लामा, दोलखा थुम ।
५. गण्डकी अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) कास्की जिल्ला र (ख) पर्वत जिल्ला ।
६. धवलागिरी अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) बागलुङ जिल्ला र (ख) म्याग्दी जिल्ला ।
७. राप्ती अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) रुकुम र (ख) रोल्पा ।
८. भेरी अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) जाजरकोट जिल्ला र (ख) दैलेख जिल्ला ।
९. सेती अञ्चलाधीश कार्यालय अन्तर्गतः–
(क) अछाम जिल्ला र (ख) डोटी जिल्ला ।
१०. महाकाली अञ्चलाधीश कार्यालय अन्तर्गतः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दार्चुला जिल्लाको बांकी भाग र (ख) बैतडी जिल्ला।

२५ पच्चीस प्रतिशत दुर्गमस्थान भत्ता पाउने जिल्ला र स्थानहरू

१. ईलाम जिल्ला।
२. धनकुटा जिल्ला।
३. बांकी भोजपुर जिल्ला।
४. खोटाङ जिल्ला।
५. उदयपुर जिल्ला।
६. ओखलढुंगा जिल्ला।
७. बांकी रामेछाप जिल्ला।
८. सिन्धुली जिल्ला।
९. सिन्धुपाल्चोक जिल्लाको बांकी भाग।
१०. काभ्रेपलाञ्चोक जिल्ला।
११. मकवानपुर जिल्ला।
१२. नुवाकोट जिल्ला।
१३. धादिङ जिल्ला।
१४. बांकीगोरखा जिल्ला।
१५. तनहु जिल्ला।
१६. स्यांजा जिल्ला।
१७. गुल्मी जिल्ला।
१८. अर्घाखांची जिल्ला।
१९. पाल्पा जिल्ला।
२०. सल्यान जिल्ला।
२१. प्यूठान जिल्ला।
२२. सुर्खेत जिल्ला।
२३. कैलाली जिल्लामा परेको अघिको डोटी जिल्लाको भाग।
२४. डडेलधुरा जिल्ला।
२५. लमजुङ जिल्ला।

२. शाही सेना र पुलिस कर्मचारीहरू मध्ये निःशुल्क राशन पाउनेहरूले देहायबमोजिम दुर्गमस्थान भत्ता पाउने छन्:–

(क) ५० पचास प्रतिशतका दरले पाउने जिल्ला र ठाउँहरूमा शुरू तलब स्केलको १५ पन्ध्र प्रतिशत मात्र पाउने।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२७

(ख) ३५ पैंतीस प्रतिशतका दरले पाउँने जिल्ला र ठाउँहरूमा शुरू तलब स्केलको १० दश प्रतिशत मात्र पाउने ।

(ग) २५ पच्चीस प्रतिशतका दरले पाउने जिल्लामा शुरू तलब स्केलको ५ पांच प्रतिशत मात्र पाउने ।

३. भत्ता खर्च लेख्ने सम्बन्धित अड्डाहरूले यसैलाई अर्थ–मन्त्रालयको दरबन्दी निकसा कायम गरी बजेट भित्रबाट खर्च लेखी खाने खुवाउने गर्नुपर्दछ ।

४. मिति २०२२।२।३२ संख्या ९ खण्ड १५ को नेपाल गजेट भाग ४ मा प्रकाशित दुर्गमस्थान भत्ता सम्बन्धित अर्थ–मन्त्रालयको सूचना ०२३ कार्तिक १ गतेदेखि खारेज गरिएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८